**HBL** हिमालयन बैंक लिमिटेड **Himalayan Bank Ltd.**

(नेपाल राष्ट्र बैंक बाट "क" वर्गको इजाजत प्राप्त संस्था)

एचबिएल कर्पोरेट बिल्डिङ्ग, कमलादी, काठमाण्डौ

को

# संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गर्ने सम्बन्धमा आवेदन पेश गर्ने बारेको संस्थापक समूहका शेयरधनीहरुलाई सूचना

नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन २०८२ को इ.प्रा. निर्देशन न.१०/०८२ बुँदा नं १६ को उपबुँदा नं. (ग) र (च) मा व्यवस्था भए बमोजिम संस्थापक शेयरधनीहरुले चाहेमा संस्थापक समूहको शेयर स्वामित्व कम्तीमा ५१ प्रतिशत कायम रहने गरी बाँकी संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गर्न सकिने र संस्थापक समूहको स्वामित्वमा रहेको शेयर सर्वसाधारण शेयरमा परिणत गर्ने कार्य पुँजीबजार, बैंकिङ्ग लगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभाव समेतलाई विचार गरी एक पटकमा बढीमा १० प्रतिशत बिन्दुसम्म परिणत गर्न सकिने प्रावधान रहेकोले यस बैंकको संचालक समितिको मिति २०८२/१२/१५ गते बसेको बैठक नं. ४९३ औ बैठकबाट १० प्रतिशत संस्थापक समूहको शेयर सर्वसाधारण शेयरमा परिणत गर्ने निर्णय भए बमोजिम हिमालयन बैंक लिमिटेडका संस्थापक समूहका इच्छुक शेयरधनीहरुबाट आफ्नो स्वामित्वको संस्थापक शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित भएको मितिबाट ३५ दिन भित्र (कम्पनीको हकमा संचालक समितिको निर्णय सहित) यस बैंकको शेयर रजिष्ट्रार हिमालयन क्यापिटल लिमिटेड, का.जि., का.म.न.पा.वडा नं.२८ कमलादी, काठमाडौं स्थित आई.टि. प्लाजा, (दोश्रो तल्ला), ईमेल ठेगानाः hbl@himalayancapital.com, सम्पर्क नं. ९८६१२२९०८० मा सम्पर्क/आवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै, यस प्रयोजनको लागि आवश्यक स्वःघोषणा सहितको आवेदन फारम हिमालयन क्यापिटल लिमिटेडको वेवसाईटः www.himalayancapital.com तथा हिमालयन बैंक लिमिटेडको वेवसाईटः www.himalayanbank.com बाट डाउनलोड गरि hbl@himalayancapital.com मा ईमेल गर्न तथा हिमालयन क्यापिटल लिमिटेड, का.जि., का.म.न.पा.वडा नं. २८ कमलादी, काठमाडौं स्थित आई.टि. प्लाजा, (दोश्रो तल्ला), मा स्वयम् उपस्थित भई आवेदन पेश गर्न समेत सकिने छ।

**शेयर रजिष्ट्रारः**

Himalayan Capital

A Subsidiary of Himalayan Bank Limited

**हिमालयन क्यापिटल लिमिटेड**

पो.ब.नं. ४५१८, कमलादी, काठमाडौं, फोनः ०१-५९७०६७५

इमेलः info@himalayancapital.com

वेवसाइटः www.himalayancapital.com

मिति : २०८३/ /

**श्री हिमालयन बैंक लिमिटेड**
कमलादी, काठमाडौ, नेपाल ।

*मार्फतः*

**श्री हिमालयन क्यापिटल लिमिटेड,**
कमलादी, काठमाडौ, नेपाल ।

**विषय : बैंकको संस्थापक समूहको शेयर सर्वसाधारण शेयरमा परिणत गर्ने सम्बन्धमा स्वःघोषणा सहितको निवेदन ।**

**महाशय,**

उपरोक्त सम्बन्धमा हिमालयन बैंक लिमिटेडबाट २०८३ साल जेष्ठ ७ गतेको कान्तिपुर राष्ट्रिय दैनिक तथा मिति २०८३ बैशाख ११ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन २०८२ को निर्देशन नम्बर १०/०८२ को बुँदा नं १६ को उपबुँदा नं. (ग) र (च) बमोजिम संस्थापक शेयरधनीहरुले संस्थापक शेयर अनुपात ५१ प्रतिशत कायम रहने गरी आफ्नो स्वामित्वमा रहेको संस्थापक समूहको शेयरलाई एक पटकमा बढीमा १० प्रतिशत बिन्दु सम्मको सिमामा रही म/हामी .................................... .......................................मेरो/हाम्रो स्वामित्वमा रहेको संस्थापक समूहको शेयर सर्वसाधारण शेयरमा परिणत गर्ने सम्बन्धमा तपसिल बमोजिम इच्छा रहेकोले यो निवेदन पेश गरेको छु/छौं ।

**तपसिल**

| | | |
|---|---|---|
| निवेदक (व्यक्ति/कम्पनीको नाम) | | |
| हितग्राही खाता नं./शेयरधनी नं. | | |
| ठेगाना | | |
| ना.प्र.नं./राष्ट्रिय परिचय नं. | | |
| कम्नीको हकमा दर्ता प्रमाण पत्र नं. | | |
| मोबाइल नं./फोन नं. | | |
| संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गर्न | (क) चाहेको ☐ | (ख) नचाहेको ☐ |
| यदि परिणत गर्न नचाहेको हो भने अन्य परिणत गर्न चाहने संस्थापक शेयरधनीहरुलाई समानुपातिक रुपमा परिणत गर्न मञ्जुरी दिन | (क) चाहेको ☐ | (ख) नचाहेको ☐ |
| यदि अन्य संस्थापक शेयरधनीहरुको स्वामित्वमा रहेको संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गर्न नचाहेको हकमा मेरो/हाम्रो अधिकतम शेयर परिणत गर्न | (क) चाहेको ☐ | (ख) नचाहेको ☐ |

.......................
आधिकारीक दस्तखत

निवेदक/कम्पनीको नामः

कम्पनीको हकमा छापः

*संलग्न गर्नुपर्ने कागजातहरुः*

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२. राष्ट्रिय परिचयपत्रको प्रतिलिपि ।
३. संस्थागत संस्थापक शेयरधनीको हकमा संचालक समितिको संस्थापक शेयर सर्वसाधारण शेयरमा परिणत गर्न स्वीकृति प्रदान गरिएको तथा सो सम्बन्धमा उक्त संस्थाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्नको लागि अख्तियारनामा प्रदान गरिएको सम्बन्धी निर्णय (माईन्युट), कम्पनी दर्ता प्रमाणपत्र, पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु ।